म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१७ अङ्क:- ९६ २०८२ फागुन ११ गते सोमबार 23 February 2026, Monday - पृष्ठ ४ मूल्य रू. ५/-

## ४३ जिल्लामा पुग्यो निर्वाचन सामग्री

काठमाडौं : देशभरका ४३ जिल्लामा नेपाली सेनाले निर्वाचन सामग्री पुऱ्याएको छ । निर्वाचन पूर्वको काम अन्तर्गत नेपाली सेनाले अहिले निर्वाचन सामग्रीहरूको ढुवानी गरिरहेको छ । नेपाली सेनाका प्रवक्ता तथा सहायक रथी राजाराम बस्नेतले अहिलेसम्म ४३ जिल्लाहरूमा निर्वाचन सामग्री पुगिसेकेको बताए । '४३ जिल्लामा निर्वाचन सामग्रीहरू पुगिसेकका छन् । बाँकी जिल्लाहरूमा पनि जाने क्रममै छन्,' सहायक रथी बस्नेतले अनलाइनखबरसँग भने । उनका अनुसार १२ जिल्लाहरुमा अहिले निर्वाचन सामग्रीहरू लाने क्रम भइरहेको छ । त्यसपछि बाँकी रहेका २२ जिल्लाहरूमा निर्वाचन सामग्रीहरू पुग्नेछन् । *स्रोत : अनलाइनखबर ।*

## मकवानपुरमा २२ हातहतियार प्रहरीलाई बुझाइयो

समाज संवाददाता

हेटौंडा : आसन्न निर्वाचनलाई शान्तिपूर्ण र भयरहित बनाउने उद्देश्यले सरकारको आव्हानपछि मकवानपुर जिल्लामा इजाजत प्राप्त हातहतियारमध्ये २२ वटा हातहतियार जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ । जिल्लामा साना तथा ठुला गरी जम्मा ४७ हातहतियार राख्नका लागि इजाजत रहेकोमा आसन्न निर्वाचनलाई लक्षित गरी २२ वटा हतियार जिल्ला प्रहरी कार्यालयमा बुझाइएको हो ।

व्यक्तिगत रुपमा इजाजतपत्र प्राप्त हतियारहरु मध्ये जिल्लामा १६ वटा बैंकहरुमा आबद्ध सुरक्षा गार्डहरुले प्रयोग गर्न इजाजत रहेकोमा ति हतियारहरु निर्वाचनको अन्तिम तयारीको क्रममा बुझाउने जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रवक्ता प्रहरी नायव उपरीक्षक पुष्कर बोगटीले जानकारी दिनुभयो । हातहतियार धनीहरु मध्ये कतिपयको इजाजत मकवानपुरमा भएपनि बसाइसराइ भएर बाहिरी जिल्ला गएका तथा हाल बिदेशमा रहिरहेका व्यक्तिहरुका इजाजत प्राप्त हातहतियार प्राप्त सँख्या कम देखिएको समेत बोगटीले स्पष्ट पार्नुभयो ।

गत माघ ६ गते जिल्ला प्रशासन कार्यालय मकवानपुरले सूचना जारी गर्दै फागुन २१ गते सम्पन्न हुने प्रतिनिधि सभा सदस्य निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र, भयरहित शान्तिपूर्ण वातावरणमा सुसम्पन्न गराउन सुरक्षा संवेदनशीलतालाई मध्यनजर गर्दै मकवानपुर जिल्लाभित्र व्यक्तिगत रूपमा राखिएका इजाजत प्राप्त हातहतियारहरू १५ (पन्ध्र) दिनभित्र नजिकको प्रहरी इकाई वा जिल्ला प्रहरी कार्यालय, मकवानपुरमा अनिवार्य रूपमा बुझाउन अनुरोध गरेको थियो । यसरी बुझाइएका हातहतियारहरू निर्वाचन कार्य सम्पन्न भएको १ महिना पश्चात् सम्बन्धित धनीले फिर्ता पाउने गरी सुरक्षितसाथ राखिने प्रवक्ता बोगटीले जानकारी दिनुभयो । तोकिएको समय सीमाभित्र हातहतियार नबुझाएमा वा अटेर गरेमा प्रचलित कानुन बमोजिम कारबाही अगाडि बढाइने सुचना मार्फत जिल्ला प्रशासन कार्यालयले जानकारी गराएको छ ।

नेपालमा आधुनिक हातहतियारको इजाजत (लाइसेन्स) लिने कानुनी व्यवस्था हातहतियार खरखजाना ऐन, २०१९ जारी भएपछि सुरु भएको थियो । यो ऐन जारी भएपछि सर्वसाधारणले पनि इजाजत लिएर हतियार राख्न पाउने वि.सं. २०१९ मा राजा महेन्द्रको शासनकालमा लागू गरिएको थियो । प्रशासनको अनुमति लिएर पिस्तोल, रिभल्भर, राइफल, टोटावाला बन्दुक, भरुवा बन्दुक र एयर गन जस्ता हतियार राख्न पाइने व्यवस्था छ । यस कानुनको अधिनमा रही हतियारको इजाजत प्राप्त गर्न इच्छुक व्यक्तिले सम्बन्धित जिल्लाको जिल्ला प्रशासन कार्यालयमा निवेदन दिनुपर्छ र प्रमुख जिल्ला अधिकारीले जाँचबुझ गरी इजाजत दिने वा नदिने निर्णय गर्छन् । साथै इजाजत प्राप्त हतियारको प्रत्येक वर्ष आफ्नो इजाजत नविकरण गराउनुपर्ने कानुनी व्यवस्था छ ।

## सात महिनामा २७ जबरजस्ती करणीका घटना

समाज संवाददाता

हेटौंडा : चालु आर्थिक वर्षको ७ महिनामा मकवानपुरमा २७ वटा जबरजस्ती करणीका घटनामा भएका छन् । यस वर्षको साउनदेखि माघ महिनासम्ममा ३ वटा जबरजस्ती करणी उद्योगसहित २७ जनाबिरुद्ध जबरजस्ती करणीको उजुरी परेको थियो । अघिल्लो आर्थिक वर्ष ४१ जना महिलामाथि जबरजस्ती करणी भएको र त्यसअघिको वर्ष ५४ जना महिला जबरजस्ती करणीको शिकार भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जनाएको छ ।

मकवानपुर जिल्लामा चालु आर्थिक वर्षको ७ महिनामा १ सय ५५ जनाले घरेलु हिंसामा परेको भन्दै प्रहरीमा निवेदन दिएका छन् । निवेदन दिएका मध्ये १ सय १० वटा उजुरीमा मिलापत्र भएको पनि जिल्ला प्रहरीले जनाएको छ । अघिल्लो आर्थिक वर्ष २०८१/०८२ मा २ सय ७७ जनाले घरेलु हिंसाबिरुद्धको कानुनी उपचार खोज्दै जिल्ला प्रहरी कार्यालय आएका थिए । यस्तै अघिल्लो आर्थिक वर्ष २०८०/०८१ मा ३ सय ८ जना महिलाहरु घरेलु हिंसा विरुद्धको कानूनी उपचारमा आएका जिल्ला प्रहरी कार्यालयले जनाएको छ । पछिल्लो दुइ वर्षयता मकवानपुरमा घरेलु हिंसामा परेको भन्दै कानुनी उपचारमा आउनेको सँख्यामा क्रमश: कमि आएको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरको तथ्याङ्कले घरेलु हिंसामा कमि आएको तर्फ इङ्गित गरेको हो । यस्तै बाल यौन दुर्व्यवहारमा पनि यस वर्ष ३ जना बालिकाहरु पीडित भएका छन् । अघिल्लो वर्ष बाल यौन दूरुपयोगमा १२ जना बालिकाहरु परेका थिए । यस अवधिमा भएको जबरजस्ती करणीको घटनामा महिलाहरु देखि ११ वर्षीया बालिका समेत पीडित भएका छन् । यस्तो हिंसामा कमी ल्याउन मकवानपुर प्रहरीले विभिन्न संघसँस्थासँगको समन्वयमा तनाव व्यवस्थापन, बालअधिकार, बाल यौन दूर्व्यहार, लागूऔषध दुर्व्यसनसम्बन्धी, महिला हिंसा न्युनीकरण, किशोरी संवाद, सामाजिक कुप्रथा न्युनीकरण साइबर अपराध सम्बन्धी लगायत विविध छलफल, अन्तरक्रिया तथा शिविर, जनचेतनाका लागि पर्चा पम्प्लेट इत्यादिमार्फत प्रचारप्रसारका कार्यक्रम समेत सञ्चालन गरेका छन् । जिल्लामा यस अवधिमा ४५ जनाले आत्महत्या गरेको जिल्ला प्रहरीले जनाएको छ । यस्तै ७ महिनामा २ जनाबिरुद्ध आत्महत्या दुरुत्साहनको उजुरी परेको छ ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

## बहालवाला पालिकाभित्र चुनावी प्रचारमा हिंड्न नपाउने

काठमाडौं : निर्वाचन आयोगले स्थानीय तहका पदाधिकारीलाई सम्बन्धित पालिकाभित्र दलीय चुनावी प्रचारमा नहिंड्न आग्रह गरेको छ । आयोगका सहसचिव एवम् प्रवक्ता नारायण प्रसाद भट्टराईले विज्ञप्ति निकालेर स्थानीय तहका केही जनप्रतिनिधिहरू निर्वाचन आचारसंहिता विपरीत हुने गरी राजनीतिक दल तथा उम्मेदवारहरूको प्रचार प्रसारमा सहभागी भएको उजुरी तथा गुनासो प्राप्त भएको जानकारी दिएका छन् ।

यस विषयमा निर्वाचन आयोगले गम्भीर ध्यानाकर्षण भएको भन्दै निर्वाचनमा स्वतन्त्रता, स्वच्छता निष्पक्षता, पारदर्शिता, मितव्ययिता तथा भयमुक्त वातावरण कायम राख सबै जिम्मेवार हुनुपर्ने बताएको हो । निर्वाचन आचारसंहिताको दफा ५ को खण्ड (क) अनुसार स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तह बाहेक अन्य स्थानीय तहमा सम्वन्धित राजनीतिक दलको निर्वाचन प्रचारप्रसारको काममा संलग्न हुन सक्नेछन् ।

अन्यथा आचारसंहिता विपरीत हुने आयोगले जनाएको छ । 'निर्वाचन आधारसंहिता प्रतिकूल हुने गरी स्थानीय कार्यपालिकाका पदाधिकारीले आफू बहाल रहेको स्थानीय तहमा कुनै पनि राजनीतिक दल वा उम्मेदवारको निर्वाचन प्रचारप्रसारमा सहभागी नहुन सचेत गराउँदछ,' आयोगको विज्ञप्तिमा उल्लेख छ । साथै, सबै स्थानीय तहका जनप्रतिनिधिलाई आफ्नो पदको मर्यादा, तटस्थता तथा कानुनी दायित्वत्वलाई मनन गर्दै आचारसंहिता विपरीत हुने कुनै पनि प्रकारको निर्वाचन प्रचारप्रसार गतिविधिमा संलग्न नहुन पनि आयोगले निर्देश गरेको छ । *स्रोत : अनलाइनखबर ।*






## सम्पादकीय

# उच्च संयम आवश्यक

प्रतिनिधिसभा सदस्य निर्वाचनको मिति आउन १० दिन बाँकी छ । यतिखेर देशव्यापी रुपमा उम्मेदवारहरुको प्रचारप्रसार चलिरहेको छ । विगतमा जस्तो ठूला सभा तथा जुलुसका कार्यक्रम कम भए पनि केही सामाजिक सञ्जालमार्फत भ्रमपूर्ण सामग्री सम्प्रेषण गर्ने क्रम बढिरहेको छ । गत भदौमा भएको जेनजी आन्दोलनपछिको विशेष परिस्थितिमा हुन लागेको यस पटकको निर्वाचनमा नयाँ र पुराना शक्ति दावी गरिएका राजनीतिक दलका नेता-कार्यकर्ताबिच केही असमझदारी र मनमुटावका कारण अप्रिय घटना हुनसक्ने जोखिम देखिएको छ । विशेषगरी राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) र नेकपा एमालेबिच देखिएको मतभेद र केही अवाञ्छित गतिविधिले निर्वाचनको वातावरण बिग्रनुका साथै शान्ति सुरक्षामा असर पुग्ने आशंका बढाएको छ ।

केही दिनअघि दाङमा नेकपा एमालेको चुनाव चिह्न अंकित झण्डा जलाएको घटनाले एमाले र रास्वपाका कार्यकर्ता तहमा असन्तुष्टि बढाएको छ । रास्वपाको कार्यक्रममा झण्डा जलाइएको हुँदा सोही पार्टीका कार्यकर्ताले एमालेको झण्डा जलाएको दावी एमालेको छ । रास्वपाले आफ्नो कार्यकर्ताबाट झण्डा जलाउने काम नभएको भन्दै घटनामा संलग्नलाई छानविन गरी कारबाही गर्न आग्रह गरेको छ । प्रहरीले घटनामा संलग्नलाई पक्राउ गरेर कारबाही अघि बढाइसकेको भए पनि अन्य दलका चुनाव चिह्नलाई लक्षित गरी अवाञ्छित क्रियाकलाप भएको पाइएको छ । आम नागरिकले कुनै दल वा नेताप्रति असन्तुष्टि व्यक्त गर्न पाउने भए पनि कुनै दलको पहिचान वा प्रतिष्ठामा आघात पुग्ने क्रियाकलाप स्वीकार्य हुँदैन । दलको चुनाव चिह्न वा अन्य पहिचानका सामग्री च्यात्ने, जलाउने, फाल्ने गर्नुका साथै त्यस्ता सामग्रीप्रति गलत इशारा र हाउभाउ प्रदर्शन गर्ने गरेका भिडियो एवम् फोटोहरु सामाजिक सञ्जालमा भेटिइरहेका छन् । एआईको प्रयोग गरेर बनाइएका भ्रमपूर्ण र तथ्यहीन सामग्री र अबोध बालबालिकाको प्रयोग गरेर बनाइएका भिडियोहरुले पनि प्रतिस्पर्धी दलका नेता कार्यकर्ताबिच मतभेद बढाइरहेको छ ।

जेनजी आन्दोलनपछि नेकपा एमाले र राष्ट्रिय स्वतन्त्र पार्टीका नेता कार्यकर्ता बिच मनमुटाव बढाएको स्पष्ट छ । काठमाडौं महानगरपालिकाको प्रमुख बालेन रास्वपा प्रवेश गरेपछि एमाले र रास्वपाबिचको कटुता बढ्दै गएको अवस्थामा नेकपा एमालेका अध्यक्ष केपी ओलीकै निर्वाचन क्षेत्रबाट बालेनले उम्मेदवारी दिएपछि ओली तथा उनका समर्थक रास्वपा र बालेन तथा रवि लामिछानेप्रति बढी नै उग्र बनिरहेका छन् । दाङमा चुनावचिह्न अंकित झण्डा जलाएको विरोधमा एमाले निकट विद्यार्थी संगठन तथा अन्य भातृ संगठनले जुलुश नै निकालेर रास्वपालाई चुनौती दिनुले दुई पार्टीबिच मुठभेडको अवस्था आउने जोखिम देखिएको छ ।

नयाँ र पुराना भनिएका राजनीतिक शक्तिबिच चुनावी प्रतिस्पर्धा तिब्र बन्दै जाँदा दलका नेतृत्व तथा कार्यकर्ता सचेत र संयमित बन्नुपर्ने देखिन्छ । नयाँ र पुराना दलबिच हुने चुनावी प्रतिस्पर्धालाई शान्तिपूर्ण बनाउन र मुठभेडको अवस्था आउन नदिन सुरक्षा निकायले थप सतर्कता अपनाउनु आवश्यक छ । सामाजिक सञ्जाल तथा अन्य माध्यमबाट एक-अर्कामा भ्रम फैलाउन खोज्नु, निर्वाचनमा प्रतिस्पर्धा गरिरहेका दल वा उम्मेदवारप्रति तथ्यहीन आरोप-प्रत्यारोप लगाउनु, निषेधको राजनीति गर्न खोज्नु लोकतान्त्रिक संस्कार हुन सक्दैन । निर्वाचन गतिविधिमा नकारात्मक असर पर्ने खालका अभिव्यक्ति र क्रियाकलाप नरोकिँदा निर्वाचन शान्तिपूर्ण र भयरहीत वातावरणमा नहुन हो कि भन्ने आशंका रहन्छ । राजनीतिक दलका नेतृत्व नै त्रासमा रहनुपर्‍यो भने आम मतदाता ढुक्कसँग निर्वाचनमा सहभागी हुन सक्दैनन् । उम्मेदवार तथा दललाई लक्षित अवाञ्छित क्रियाकलाप हुन नदिन राजनीतिक दल र नेतृत्व अझ बढी संयम हुनु आवश्यक देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : अनुभव र ज्ञानको कमीलाई हटाउन सकिने छ ।
**वृष** : आनन्दको जीवनमा आँच आउन सक्ने योग छ ।
**मिथुन** : सामाजिक र सांगठनिक काममा बाधा योग छ ।
**कर्कट** : इज्जत र मानमा वृद्धि हुने समय योग छ ।
**सिंह** : मन बिचलित भएपनि लाभप्रद समय छ ।
**कन्या** : बजेटलाई सन्तुलनमा राख्दा राम्रैं रहने समय छ ।
**तुला** : नचिताएको काम पूर्ण हुने समय योग रहेको छ ।
**वृश्चिक** : काममा विशेष लागि परिने समय योग छ ।
**धनु** : व्यापार-व्यवसाय मध्यमकारक रहने समय छ ।
**मकर** : खानपानमा अरुचि बढ्ने समय योग छ ।
**कुम्भ** : पुरस्कारबाट लाभ प्राप्त हुने समय योग छ ।
**मीन** : अनावश्यक काममा समय खेर फालिएला ।

# पापी करको चर्चा



✍ नरसागर श्रेष्ठ

अन्तःशुल्कलाई आलु करको संज्ञा पनि दिइएको छ, किनभने यो करलाई निर्वाचित राजनीतिज्ञहरूले आफ्नो स्वार्थअनुसार उपयोग गर्न पाउँछन्। यसमा दर बढाउने, दायरा बढाउने आदि कार्य गर्दा अर्थमन्त्रीहरूले व्यवसायको क्षेत्रबाट पाउने प्रतिरोधबाहेक न जनताले यसको प्रतिरोध गर्छ, न त उसले कुनै अन्तर्राष्ट्रिय विरोधको सामना गर्नुपर्छ । अर्थशास्त्रीय भाषामा भन्नुपर्दा, यो करको दायरभित्र रहेका वस्तुले सिर्जना गर्ने बाध्यताको कारणले गर्दा यो करमा अरू करभन्दा बढी लगाउने गरिन्छ ।

देशहरूले विश्व व्यापार संगठनको सदस्यता लिएपछि वस्तुको आयातमा बढी भन्सार महसुल लगाउन पाएनन् र यसले गर्दा धेरै देशको सरकारी आम्दानीमा जुन न्यूनता आएको थियो, त्यसलाई पूर्ति गर्ने स्रोतका रूपमा पनि यो करलाई लिएको पाइन्छ । यो करको दायरा विस्तार हुँदै गएको छ । शरीरलाई हानि गर्ने, वातावरण बिगार्ने र विलासिताका वस्तुहरूमा लगाउने गरिएको यो कर अहिले चिनी बढी मिसिएको पेय पदार्थ, मासु, डिजेल, पेट्रोलजस्ता जीवाश्म इन्धन आदिमा पनि लगाउन थालिएको छ। जुन प्रविधिले अहिलेको जलवायु परिवर्तनमा नकारात्मक असर पार्छ, त्यस्ता वस्तुहरूमा समेत यो कर लगाउन थालेको छ, किनभने देशहरूले जलवायु परिवर्तनमा सिओटु ग्याँस घटाउने जुन प्रतिबद्धता जनाएका छन्, त्यसलाई पूरा गर्ने आधारका रूपमा पनि लिएको पाइन्छ ।

श्रम र पुँजीमा लाग्ने करलाई डिस्टोसनरी कर मानिन्छ र त्यसलाई प्रतिस्थापन गर्ने करका रूपमा पनि लिने गरेको पाइन्छ। यो करको दायराभित्र पर्ने वस्तुको नजिकको प्रतिस्थापनयोग्य वस्तु पनि उपलब्ध हुँदैन। अर्को शब्दमा भन्नुपर्दा पापी करको दायरामा पर्ने वस्तु तथा सेवाको माग प्रायःजसो बेलोचदार रहने गर्छ। यो कर मूल्य अभिवृद्धि कर लगाएर नपुग्ने वस्तु तथा सेवामा लगाइन्छ र वस्तुगत करको तर्फबाट सामाजिक उद्देश्य परिपूर्ति गर्न लगाइने भएकाले यसलाई मूल्य अभिवृद्धि करको सहायक करका रूपमा पनि लिने गरेको पाइन्छ। प्रसिद्ध अन्तःशुल्क विशेषज्ञ सिब्रोन नासोले यो कर लगाएका कारण आर्थिक निर्णयमा पनि कुनै खास असर नपर्ने कुरा बताएका छन् । यो करले समाजमा साधनको बाँडफाँड गर्न पनि योगदान पुर्‍याउँछ ।

अरू करभन्दा यो करको आफ्नै विशिष्टीकृत विशेषताहरू हुन्छन् । यो कर कभरेजमा छनोटपूर्ण हुन्छ । यसको कन्टेन्टमा यो कर विभेदकारी हुन्छ र कर दायित्व निर्धारण गर्दा परिमाणात्मक गणना गर्नुपर्ने हुन्छ । मूल्य अभिवृद्धि कर वा खुद्रा बिक्री करहरूलाई लेखाको अभिलेखका आधारमा कर निर्धारण गर्नुपर्ने हुन्छ भने यो करलाई अधिकांश सरकारले भौतिक नियन्त्रणमा राखेका हुन्छन् । अरु कर राजस्व परिचालन गर्ने हिसाबले मात्र लगाउने गरिन्छ भने यो करले राजस्वलगायतका अरु उद्देश्य पनि पूरा गर्नुपर्ने हुन्छ। यो कर प्रशासन अरु कर प्रशासनभन्दा सरल पनि छ, किनभने एकातिर यो करको दायरामा रहेका वस्तु तथा सेवालाई सजिलैसँग पहिचान गर्न सकिन्छ भने अर्कातिर ती वस्तुको समाजमा बिक्री-वितरण पनि पर्याप्त मात्रामा भइरहेको हुन्छ ।

बेलायतबाट प्रकाशित इकोमिस्ट पत्रिकाका अनुसार आयरल्यान्डमा एक बट्टा चुरोटमा २१ अमेरिकी डलर कर तिर्नुपर्छ, जसको ८० प्रतिशत सरकारी कोषमा जान्छ र स्वीडेनमा एक सिसी भोड्कामा १४ युरो तिर्नुपर्छ भने नेदरल्यान्डमा एक ग्यालन पेट्रोल खरिद गर्दा ०.७९ युरो तिर्नुपर्छ । चुरोट र रक्सीले युरोपियन युनियनमा ५ सय अर्ब डलरभन्दा बढीको योगदान दिने गर्छ । बुल्गेरियामा वातावरणीय कर र अन्तःशुल्कले सरकारको राजस्वमा एक दसांशको योगदान गर्छ ।

हालका दशकहरूमा वातावरणीय समस्याप्रति विश्वमा जागेको चेतनाले गर्दा पनि यो करको भविष्य अरु अन्धकार बनेको छ । मद्यपान र धूम्रपानमा जुन गिरावट आएको छ त्यसले गर्दा सरकारलाई यो कर भरपर्दो राजस्व स्रोत नहुन पनि सक्छ। विश्व स्वास्थ्य संगठनले चुरोट र क्यान्सर रोगको विरोधमा जुन विज्ञापन गर्छ, त्यसले पनि यो कर परिचालनमा विश्वभरि नै गिरावट आएको पाइन्छ ।

संघीय राज्य व्यवस्था अपनाएका देशहरूमा यो करलाई राज्य र संघीय सरकारले आ-आफ्नै ढंगले उठाउन पाउने गरी संविधानमै व्यवस्था गरिएको हुन्छ। राज्यहरूको बीचमा यो करको दर, कर उठाउने प्रक्रिया फरक परेपछि आर्थिक क्रियाकलापहरू सहज कर प्रक्रिया भएको र कम कर दर भएका प्रदेशहरूमा आर्थिक क्रियाकलापहरू बढी प्रवाहित हुने सम्भावना भएकाले धेरै देशले यसलाई संघीय सरकारको कार्यक्षेत्रभित्रै राखेको पाइन्छ । तर पाकिस्तान, भारत र जर्मनीजस्ता देशहरूमा यो कर संघीय र राज्य सरकारले वस्तुको बाँडफाँडसहित लगाउने गरेको पाइन्छ। उदाहरणका लागि जर्मनीमा संघीय सरकारले खनिज तेल र सुर्तीमा यो कर लगाउँछ भने राज्य सरकारहरूले बियर र जुवामा यो कर लगाउने गरेको पाइन्छ । नेपालमा भने राज्य सरकारले यो कर उठाउन नपाउने व्यवस्था संविधानले नै गरेको पाइन्छ ।

नेपालले सन् १९९० मा प्रारभ गरेको आर्थिक सुधार कार्यक्रमले यो करलाई पनि प्रभाव पारेको छ । पहिला अन्तःशुल्क लाग्ने वस्तुको संख्या आ.व. २०४९-५० मा ५३ पुगेकोमा यसलाई २०५४-५५ आएर ११ मा झारेको मात्र होइन कि धेरै वस्तुलाई भौतिक नियन्त्रणबाट स्वयं निष्कासन प्रणालीमा समेत ल्याइएको थियो । आयकर ऐन २०५८ सँगै अन्तःशुक्ल ऐन २०५८ आएपछि सेवामा पनि अन्तःशुल्क लगाउने सरकारलाई बाटो खुल्यो । आन्तरिक राजस्व प्रशासनले प्रशासन गर्ने यो करमा सुर्ती र मदिराजन्य पदार्थहरूमा भौतिक नियन्त्रण प्रणाली लागू गरिएको छ भने अरू अन्तःशुल्क लाग्ने वस्तु तथा सेवाहरूमा स्वयं निष्कासन प्रणाली लागू गरिएको छ । बियरमा फ्लो मिटर, अरू मदिरा र चुरोटमा स्टिकर लगाउने व्यवस्था रहेको छ । यो हिसाबले हेर्ने हो भने अन्तःशुल्क प्रशासन एक प्रकारले माखे साङ्लो नै भएको छ ।

यो करको योगदान र मूअक आन्तरिकको योगदान झन्डै-झन्डै बराबर रहेको छ। कर सुधारका पाइलाहरूमा यो कर सधैं छायामा पर्ने गर्छ । त्यसकारण आन्तरिक राजस्व प्रशासनको यसतर्फ ध्यान जानु अति आवश्यक छ। विश्वमा मादक पदार्थ र पेय पदार्थमा उपभोगमा कमी आए तापनि नेपालमा यी दुई वस्तुको राजस्वमा योगदान भने बढ्दै गएको कुरा आन्तरिक राजस्व विभागबाट प्रकाशित वार्षिक प्रतिवेदनहरूमा देखिन्छ। विश्वमा यसको दायरा जुन किसिमले बढिरहेको छ, त्यो हिसाबले नेपालमा विस्तार भएको पाइँदैन । भारत र चीनमा बढ्दै गएको मध्यम वर्गको जनसंख्याले अमेरिका, बेलायत र इयुजस्ता देशहरूले भारतीय बजारमा आफ्नो पेय पदार्थको बजार खोज्न थालेको पाइन्छ भने नेपालले पनि यस दिशातर्फ पाइला चाल्नु अति आवश्यक भइसक्यो ।

*(स्रोतः कारोबारदैनिक)*

# बच्चालाई पैसाको महत्व सिकाउने १० प्रभावकारी उपाय

आजको समयमा बच्चाहरूलाई पढाइसँगै वित्तीय अनुशासन सिकाउनु निकै आवश्यक छ । बाल्यकालदेखि नै पैसाको मूल्य, कमाउने, बचत गर्ने, खर्च गर्ने र लगानी गर्नेबारे बुझाइयो भने ठूलो भएपछि उनीहरूले समझदारीपूर्ण आर्थिक निर्णय लिन सक्छन् । अनावश्यक जिद्दी र फजुलखर्चीबाट बच्न सक्छन् ।

यी १० उपाय अभिभावकहरूले घर मै सजिलै लागू गर्न सक्छन् :

१.पकेट मनीलाई सिकाइको माध्यम बनाउने

बच्चालाई उमेरअनुसार हरेक महिना वा हप्तामा निश्चित पकेट मनीका रूपमा निश्चित रकम दिने। यो पैसा उनीहरूले आफैं व्यवस्थापन गर्नुपर्छ । यदि चाँडै सकियो भने थप पैसा नदिने यसले सीमित स्रोतमा जीवन चलाउने र प्राथमिकता निर्धारण गर्ने कला सिकाउँछ । सुरुमा ५०-२०० रुपैयाँबाट सुरु गर्न सकिन्छ र उमेर बढ्दै जाँदा बढाउँदै लैजानुपर्छ । यसले उनीहरूमा आर्थिक अनुशासन विकास गर्छ ।

२.बचतको महत्व बुझाउने

बाल्यकालदेखि नै बच्चाहरूलाई बचत गर्ने बानी सिकाउनुपर्छ। उनीहरूका लागि एउटा खुत्रुके वा सानो सेभिङ बक्स राशिदिनुपर्छ र प्राप्त हुने पैसाको केही हिस्सा त्यसमा राख्न लगाउनुपर्छ । उनीहरूलाई बचत गरेको पैसा भविष्यमा कसरी काम लाग्छ भनेर पनि बताउनुपर्छ।

३.किनमेल/बजारमा सक्रिय संलग्नता गराउने

पैसाको महत्व बुझाउन किनमेलमा बच्चालाई पनि संलग्न गर्नुपर्छ । जब बजार गइन्छ बच्चाहरूलाई साथ लैजानुपर्छ र बजेट तथा आवश्यकता अनुसार सामान छनोट गर्ने प्रक्रियामा उनीहरूलाई समावेश गर्नुपर्छ । उनीहरूलाई मूल्यहरूको तुलना गर्न पनि सिकाउनुपर्छ । यसले उनीहरूलाई पैसा सोचेर खर्च गर्नुपर्छ भन्ने कुरा बुझाउँछ।



४.आवश्यकता र चाहना बीच फरक सिकाउने

के आवश्यक छ र के चाहना मात्र हो भनेर बच्चालाई सूची बनाउन लगाउनुपर्छ । उदाहरण- स्कूलको झोला/किताब आवश्यकता हो, नयाँ महँगो खेलौना चाहना हो। यो फरक बुझाएपछि उनीहरूले मलाई यो चाहिन्छ, यो नभए पनि हुन्छ भनेर सोच्न थाल्छन् । यो समदारीले उनीहरूलाई भविष्यमा सोचेर खर्च गर्ने बानी बसाल्न मद्दत पुग्छ ।

५.काम/मेहनतको बदलामा पैसा दिने

घरका स-साना काम जस्तैः कोठा सफा गर्ने, भाँडा माझ्ने, बगैंचा सफा गर्ने आदि बालबालिकालाई गर्न लगाउनुपर्छ। त्यो काम पूरा भएपछि इनामस्वरूप पैसा दिनुपर्छ । यसले पैसा मेहनतबाट आउँछ भन्ने गहिरो अनुभव दिन्छ । पैसा सजिलै आउँदैन भन्ने कुरा बच्चाले महसुस गर्छन्। यो तरिकाले उनीहरूलाई पैसा सजिलै आउँदैन, बरु मेहनत र जिम्मेवारीसँग जोडिएको हुन्छ भन्ने सिकाउँछ ।

६.स्पष्ट लक्ष्य निर्धारण र धैर्य सिकाउने

बच्चाले कुनै महँगो वस्तु चाहेमा तुरुन्त नकिन्दिने। लक्ष्य राख्न लगाउने। ३ महिनामा ३००० रुपैयाँ जम्मा गरेपछि किन्छौं भनेर सिकाउने। हरेक हप्ता थप्ने र प्रगति ट्र्याक गर्ने। यसले योजना बनाउने, धैर्य राख्ने र प्रगति हेर्ने बानी बस्छ ।

७.आफैंले समझदारीपूर्ण खर्च र बचतको उदाहरण दिने

बच्चाहरुले देखेको कुरा नै सिक्छन्। अभिभावकले बजेट बनाउने, फजुलखर्ची नगर्ने, बचत गर्ने र यो महँगो छ, हामीले यो किन सक्दैनौं भनेर व्याख्या गर्ने गर्नुपर्छ। उनीहरुलाई बजेट बनाउने र बचत गर्ने कुराले कसरी आर्थिक सुरक्षा दिन्छ भनेर देखाउनुपर्छ ।

८.दान/उदारताको महत्व सिकाउने

पैसाको केही भाग दान वा अरूलाई मद्दत गर्न लगाउने । यसले पैसा केवल आफ्ना लागि मात्र होइन, अरुका लागि पनि उपयोगी हुन्छ भन्ने भावना विकास गर्छ। उदारता र कृतज्ञताको बानीले पैसासँगको सम्बन्ध सकारात्मक बनाउँछ ।

९.खेल र खेलौना मार्फत पैसाको ज्ञान दिनुपर्छ

बच्चालाई पैसाको महत्व बुझाउन खेलहरु मोनोपोली र क्यासफ्लो जस्ता बोर्ड गेम वा मोबाइल एप प्रयोग गर्ने। खेलमा पैसा कमाउने, खर्च गर्ने, लगानी गर्ने अनुभव हुन्छ। यसले सिकाइलाई रमाइलो बनाउँछ र गल्तीबाट सिक्ने अवसर दिन्छ।

१०.लगानी र ब्याजको आधारभूत परिचय दिने

ठूलो बच्चालाई १० वर्षभन्दा माथिकाको बैंकमा बचत खाता खोल्ने, ब्याज कसरी आउँछ भनेर देखाउने । १००० रुपैयाँ राख्दा १ वर्षपछि १०५० हुन्छ जस्तो साधारण उदाहरण दिने । यसले पैसा समयसँगै बढ्न सक्छ भन्ने कुरा बुझाउँछ र भविष्यको लागि सोच्ने बानी बस्छ ।

ध्यान दिनुपर्ने कुरा

यी उपायहरू लागू गर्दा बच्चाको उमेरलाई ध्यान दिनुपर्छ। सानो बच्चालाई सरल र रमाइलो तरिकाले, ठूलोलाई थप जिम्मेवारीसहित पैसाको महत्व बुझाउनुपर्छ। नियमित छलफल र प्रशंसा गर्नुपर्छ जब उनीहरु राम्रो निर्णय गर्छन्। यसले उनीहरूलाई आर्थिक रूपमा स्वतन्त्र, जिम्मेवार र समझदार बनाउन मद्दत गर्छ । *(स्रोतः अनलाईनखबर)*

# बजाज एक्सचेन्ज मेला सुरु



समाज संवाददाता

हेटौँडाः हेटौँडामा मोटरसाइकल खरिदकर्ताकाहरुका लागि 'बजाज ग्रान्ड एक्सचेन्ज मेला' सुरु भएको छ । होराइजन अटो प्रालिको आयोजनामा आइतबारदेखि मेला सुरु भएको हो ।

एक्सचेन्ज मेलाबाट ग्राहकहरुले सजिलो र सहज तरिकाले नयाँ मोटरसाइकल खरिद गर्ने अवसर पाउने आयोजकको विश्वास छ। मेलामा पुरानो मोटरसाइकल साटेर बजाज कम्पनीको नयाँ मोटरसाइकल खरिद गर्न पाइनेछ । मोटरसाइकल खरिद गर्दा बिना कुनै सेवा शुल्क तत्काल फाइनान्सको व्यवस्था रहेको आयोजकले जनाएको छ ।

पुरानो मोटरसाइकल एक्सचेन्ज गर्दा अतिरिक्त मूल्याङ्कनबाट ८ हजार रुपैयाँ छुटका साथै आकर्षक नगद छुट र निःशुल्क सामानहरुको व्यवस्था गरिएको आयोजकले जानकारी दिएको छ । हेटौँडा मेनरोडमा रहेको कफी बार परिसरमा आयोजित मेला शुक्रबारसम्म रहनेछ ।

PROFESSIONAL
BARISTA·BAR·SUSHI
TRAINING
Free Waiter Training in Every Course
Join the Italian Barista Bar Academy
Hetauda -04, School Road
Call: +977-9802944001 / 9822249969



बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

## मालपोत कार्यालय मकवानपुरबाट मितिः २०८२/११/१० मा जारी भएको नामसारीको

## हकदावी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

निवेदकः- चनमती राई (बहिनी) ज.धः- सुन्तली राई (दिदी)

यसमा जिल्ला मकवानपुर हेटौडा उपमहानगरपालिका वडा नंबर १६ बस्ने कृष्ण बहादुर राई तथा कान्छीमाया राईबाट २ छोरा क्रमशः काजिमान राई....१ तथा सुन्तले राई...२ साथै २ छोरीहरु क्रमशः सुन्तली राई....१ र चनमती राई ....१ को जायजन्म भएकोमा जिल्ला मकवानपुर हटिया वडा नंबर ९ को कि.नं. ७७३९ को क्षेत्रफल ज.वि. ०-३-० जग्गाको जग्गाधनी सुन्तली राईकी अविवाहित रही मिति २०८२/०८/०५ मा मृत्यू भएको, निज सुन्तली राईको बुवा कृष्ण बहादुर राई मिति २०७५/०५/२० तथा निजको एक मात्र पत्नी कान्छीमाया राईको समेत मिति २०५६/०१/१० मा मृत्यू भएको, जाय जन्म भएका दुई छोराहरु काजिमान राई तथा सुन्तले राईको नामसारी मंजुरीले जग्गा धनीको सहोदर बहिनी चनमती राईले उल्लेखित जग्गा मेरो नाममा एकलौटी नामसारी गराइपाउँ भनि हेटौडा उपमहानगर पालिका वडा नं. १६ कार्यालयको च.नं. २०३५ मिति २०८२/१०/२८ को नामसारी सिफारिस, नाता प्रमाण पत्र प्रतिलिपी, बडा सर्जमिन मुचुल्का साथै पालनपोषण तथा काजकृया सम्बन्धी सिफारिस पत्र, जग्गा धनी प्रमाण पुर्जा, मृत्यू दर्ता प्रमाण पत्र प्रतिलिपी समेत संलग्न राखी द.नं. १०३९९ मिति २०८२/१०/२८ मा मागदावी निवेदन पेश गर्नु भएकोले यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ । अतः निवेदकको माग दावी सत्य नभई झुठा भए वा जग्गाधनिको अविवाहित अवस्थामा मृत्यु नभएको भए वा जग्गाधनिका हकदारहरु निवेदक तथा मंजुरी दिने बाहेक अरु कोही भए वा जग्गाधनिको पालनपोषण तथा काजकृया अरुलेनै गरेको भए वा उल्लेखित जग्गामा अरु कोही कसैको हकभोग भएको भए वा निवेदकको माग दावी बमोजिम नामसारी हुन/गर्न नहुने कुनै कारण भए यो सूचना प्रकासित/ जारी भएको मितिले ३५ (पैंतीस) दिन भित्र मालपोत कार्यालय मकवानपुरमा स-प्रमाण दाबी-उजुरी गर्न आउनुहोला । अन्यथा निवेदकको नाममा नामसारी भई जानेछ । पछि कुनै उजुरबाजुर लाग्ने छैन ।

# हार्दिक श्रद्धाञ्जली



जन्मः
वि.सं. २००८ माघ १०

निधनः
वि.सं. २०८२ माघ २८

## स्व. श्री शिव प्रसाद सापकोटा

हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेसका प्राध्यापक टीका प्रसाद सापकोटा ज्युका पुजनीय पिता श्री शिव प्रसाद सापकोटाको दुःखद निधनको खबरले हामी मर्माहित भएका छौं।

हामी सम्पूर्ण हेटौंडा स्कूल अफ म्यानेजमेन्ट एण्ड सोसल साइन्सेस परिवार शोकसन्तप्त परिवारजन तथा आफन्तजनप्रति गहिरो समवेदना प्रकट गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं।

Hetauda School of Management and Social Sciences

# बालजागृतिका विद्यार्थीको आवाज

BALJAGRITI ENGLISH SECONDARY SCHOOL
Hetauda-2

## वातावरण बचाऔं



कोशिका सापकोटा

झरना र खोलामा
फाल्नु हुन्न फोहोर
रमाईलो हुन्थ्यो नि
सबै स्वच्छ भए त

वातावरण बचाउ
प्रकृतिलाई जोगाउ

सफा सुग्घर राख्ने
हाम्रो कर्तव्य
फोहोर राखे मान्छेहरु
के भन्छन् हो ? धन्न ।

वातावरण सँगै
नखेलौं न खेल
प्रकृतिलाई जोगाए
आउँदैन नि मेल

रुख बोट बिरुवा
स्वच्छ हावा दिन्छ
यिनै बोट बिरुवाले
हावा नदिए मरिन्छ ।।

वातावरण सफा राखे
आफुलाई नै राम्रो
यि सबै अमूल्य
सम्पत्ति नै हाम्रो

*कक्षा-६*

## आमाको माया



प्राप्ति पौडेल

आमाको माया अमृत जस्तै
दिउँसो र रात याद आइरहन्छ
सानो छँदा आइरहन्छ
न्यानो स्पर्शले माया लुकाउँथिन्

बिहान बेलुकी खाना बनाउँछिन्
हाम्रा सपना सजाउँछिन्
हामी रुँदा आँसु पुच्छिन्
हामी हाँस्दा साथमा हाँस्छिन्,

आमा बिना जीवन अधुरो
उहाँ नै हुनुहुन्छ हाम्रो गुरु
विद्यालय पठाउने प्रेरणा आमा
सपना देख्ने उज्यालो आमा,

सधैं बोल्नुहुन्छ मिठा शब्द
पढ्न लेख्न दिनुहुन्छ अगाडि बढ
सच्चा साथी, सच्चा गाईड
जीवनपथमा दिनुहुन्छ राइड,

थाक्दा हात समाउनुहुन्छ
गल्ती गर्दा सम्झाउने

## शैक्षिक भ्रमण



एलिभा खत्री

हाम्रो विद्यालयले आयोजना गरेको शैक्षिक भ्रमणका क्रममा हामी सहीद स्मारक हेर्न गएका थियौं । सहीद स्मारक हेटौंडा-११ मा अवस्थित छ । सहीद स्मारक मकवानपुर जिल्लाको हेटौंडा उपमहानगरमा पर्दछ। अवलोकनमा मेरा गुरु वर्गहरु र मेरा प्यारा प्यारा साथीहरु सहभागी थिए । अवलोकनका लागि मिति २०८२ साल कात्तिक २७ गते हामी सबै विद्यालयबाट सहीद स्मारक पुग्यौं । अवलोकन भ्रमणको योजना हाम्रा सबै गुरुहरुले मिलेर सल्लाह गरेर गएका थियौं । अवलोकन भ्रमणको मुख्य उद्देश्य हामीलाई ज्ञान, सीप र सहिदहरुको बारेमा जानकारी दिनु थियो। त्यो एक सामुदायिक भ्रमण गर्ने क्षेत्र हो ।

अवलोकनका क्रममा जाँदै गर्दा बाटोमा स्मारक होटल, सहीद स्मारकको स्वागतद्वारा देखें र प्रवेश गर्‍यौं । सहीद स्मारक सहीद हुने ती नागरिकको बारेमा बताउन र धेरै जीवजन्तुहरुको बारेमा देखाउन बताउनसहित मनोरञ्जन गर्न आदिलाई प्रसिद्ध रहेछ । मलाई यो ठाउँ सफा, स्वच्छ र सुन्दर लाग्यो । हरियो वनले घेरिएको उच्च भूपरिदृश्यमा बनेको यो स्मारक अत्यन्त शान्त र आकर्षक लाग्थ्यो । मैले अवलोकनमा सहीदका मूर्तिहरु, वनहरु, घुम्ने ठाउँ, बस्ने ठाउँ, पिङ आदि हेरें ।

*कक्षा-५*

## The Nature Around Us



Advik Guragain

The sun comes up, the sky turns bright
The birds all sing in the morning light
The leaves shine green, the river flows
The flowers starts to grow.

The animals play on land and sea
So full of joy and running free
As night comes, the star appear
Nature whispers, soft and clear.

*Class-8*

## My brother



Manyata Acharya

The one with whom I always fight,
I share things to him which is right
He is the best things to me
The naughtiest also that I see

I want to see his life brighter
He wants me to be nicer
He is my brother
Best than the other.

*Class-8*

## सामाजिक समस्या



निभा जयसवाल

सामाजिक समस्या मिलेर समाधान गरौं,
नकारात्मक सोच मिलेर नाश गरौं ।

बालश्रम एक अपराध हो,
भेदभाव र छुवाछुत नकारात्मक सोच हो ।

किन छन् बालबालिका शिक्षाबाट वञ्चित,
अनि पो बढ्दैनन् मानव तस्कर ।

किन छन् कानुन कार्यालयमा कमजोरी,
मानव बेचबिखन गर्नेलाई किन दिँदैनन् कडा कार्वाही ।

अझै छन् दाईजो प्रथा र बालबिवाह,
कि दिँदैनन् बालबालिकालाई शिक्षा र स्वतन्त्रता ।

किन खेल्छन् अझै जुवातास,
यसका कारणले सम्पति सबै सत्यानाश

*कक्षाः ६*

# राष्ट्रपति रनिङशिल्डको उपाधि भुटनदेवी माविले जित्यो

समाज संवाददाता

हेटौँडाः हेटौँडा उपमहानगरपालिकास्तरीय राष्ट्रपति रनिङशिल्डको उपाधि हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले जितेको छ । शुक्रबारदेखि आइतबारसम्म भएको प्रतियोगितामा भुटनदेवी माध्यमिक विद्यालयले ११ स्वर्ण, ८ रजत र ६ कास्य पदकसहित उपाधि उचालेको हो ।

प्रतियोगितामा ६ स्वर्ण, ६ कास्य र ७ रजतसहित जनप्रिय माध्यमिक विद्यालय द्वितीय र ६ स्वर्ण मात्रै जितेको तुलसी मेहर मेमोरियल माध्यमिक विद्यालय तृतीय भएको छ । शुक्रबार प्रतियोगिताको उद्घाटन समारोहमा भएको मार्चपासमा बालउज्वल माध्यमिक विद्यालय प्रथम, सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय, आधुनिक राष्ट्रिय माध्यमिक विद्यालय र सिद्धार्थ शिशु सदन माध्यमिक विद्यालय तृतीय हुन सफल भएका छन् । मार्चपासमा प्रथम, द्वितीय र तृतीय भएका विद्यालयहरुले क्रमशः ७ हजार, ५ हजार र ३ हजार रुपैयाँ पुरस्कार प्राप्त गरेको प्रतियोगिता संयोजक राजाराम पोखरेलले जानकारी दिनुभयो ।

राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता अन्तर्गत उसु, कराते, तेक्वान्दो, भलिबल, कबड्डी र एथ्लेटिक्स विधाका खेलहरु भएको थियो । एथ्लेटिक्स विधाका खेलमा छात्रातर्फ श्रमिक माध्यमिक विद्यालयकी हसिना खातुन र छात्रतर्फ भुटनदेवी माध्यमिक विद्यालयका आशीष यादव उत्कृष्ट खेलाडी घोषित भएका छन् । खातुनले ३ स्वर्ण, १ कास्य र १ रजत जितेकी छन् भने यादवले ४ स्वर्ण हात पारेका छन् । भलिबलमा ज्ञानोदय माध्यमिक विद्यालयकी अप्सना उप्रेती उत्कृष्ट छात्रा खेलाडी र आधुनिक राष्ट्रिय माविका रियाज थोकर उत्कृष्ट छात्र खेलाडी घोषित भएका हुन् ।

कबड्डी प्रतियोगितामा छात्रतर्फ प्रगति माध्यमिक विद्यालय प्रथम र सिद्धार्थ माध्यमिक विद्यालय द्वितीय भएको छ । छात्रातर्फ भृकुटी माध्यमिक विद्यालय प्रथम र हेटौँडा एकेडेमीले द्वितीय स्थान हासिल गर्न सफल भएका छन् । प्रतियोगिताका उत्कृष्ट खेलाडीहरुले ट्रफी र प्रमाणपत्र प्राप्त गरेका छन् ।

हेटौँडा उपमहानगरपालिको आयोजना तथा हेटौँडा-४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयको व्यवस्थापनमा प्रतियोगिता भएको थियो । आधुनिक राष्ट्रिय माविको विद्यालय व्यवस्थापन समितिका अध्यक्ष मोहमद समिमको सभाध्यक्षतामा भएको पुरस्कार वितरण कार्यक्रममा हेटौँडा उपमहानगरपालिका शिक्षा विकास महाशाखा प्रमुख हरिचन्द्र सापकोटाको प्रमुख आतिथ्य रहेको थियो ।

# जिल्लास्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिता स्थगित

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लास्तरीय राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगिता स्थगित भएको छ । आज सोमबारदेखि सुरु हुने भनिएको प्रतियोगिता निर्वाचन आचारसंहिता र सुरक्षा व्यवस्थाका कारण स्थगित गरिएको जिल्ला खेलकुद विकास समितिका अध्यक्ष राजकुमार मोक्तानले जानकारी दिनुभयो ।

समितिले आइतबार सूचना जारी गरी अर्को निर्णय नभएसम्मका लागि प्रतियोगिता स्थगित गरिएको जनाएको छ । गत माघ २५ गते हेटौँडा-४ स्थित जिल्ला खेलकुद विकास समितिको कार्यालयमा अध्यक्ष मोक्तानको सभाध्यक्षतामा बसेको बैठकले फागुन ११ गतेदेखि १३ गतेसम्म प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको थियो । यो प्रदेशस्तरीय राष्ट्रपति रनिङशिल्ड प्रतियोगिताका लागि छनोट प्रतियोगिता हो ।


## कर्मचारी आवश्यकता

*(प्रथमपटक सूचना प्रकाशित मिति : २०८२/११/११ गते)*

बागमती गाउँपालिकाको कार्यालय झुरझुरेको मिति २०८२/११/०५ गतेको च.नं. १३९१ को प्राप्त विज्ञापन अनुमतिपत्र अनुसार यस विद्यालयमा रिक्त रहेको तपसील बमोजिमको कार्यालय सहयोगी पदपूर्ति गर्नुपर्ने भएकोले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र रीतपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपसील**

**विज्ञापन नं. : ०१/२०८२/८३**
पद : कार्यालय सहयोगी ।
आवश्यक संख्या : १ (एक)
शैक्षिक योग्यता : ८ कक्षा उत्तीर्ण । माथिल्लो योग्यता भएकालाई प्राथमिकता ।
परीक्षाको किसिम : लिखित र मौखिक ।
दरखास्त शूल्क : १५००/- (एक हजार पाँच सय रुपैयाँ)
तलब/भत्ता : नेपाल सरकारले तोकेबमोजिम ।
उमेर : १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
दरखास्त दिने अन्तिम मिति : २०८२/११/२६ गते कार्यालय समयसम्म ।
सम्पर्क मिति : २०८२/११/२७ गते कार्यालय समयसम्म ।
परीक्षा मिति : सम्पर्क मितिमा जानकारी गराइनेछ ।

**आवश्यक कागजात**
१) हस्तलिखित निवेदन ।
२) नेपाली नागरिकताको प्रमाणपत्रको २ प्रति प्रतिलिपि ।
३) शैक्षिक योग्यताको प्रमाणपत्रको २ प्रति प्रतिलिपि ।

**दक्षिणकाली आधारभूत विद्यालय**
**बागमती गाउँपालिका-९, कुर्ले, मकवानपुर**


# मनहरी र भीमफेदीमा दुर्घटना

समाज संवाददाता

हेटौँडा : मकवानपुरको मनहरी गाउँपालिका र भीमफेदी गाउँपालिकामा सवारी दुर्घटना भएको छ । आइतबार बिहान ७ बजेर १० मिनेटको समयमा पूर्व-पश्चिम राजमार्गअन्तर्गत मनहरी गाउँपालिका-७, बिजौनामा

वीरगंजबाट चितवनतर्फ जाँदै गरेको बा प्र ०६-००१ ख ००५४ नम्बरको यात्रुबाहक बस अनियन्त्रित भई सडकको बाया साईडमा रहेको विद्युतको पोलमा ठक्कर खाई दुर्घटना हुँदा बसमा सवार सामान्य/मध्यम २२ जना घाइते भएका छन् । प्रहरीले घाइतेहरुलाई उपचारका लागि चितवनतर्फ पठाएको प्रहरीले जानकारी दिएको छ ।

यसैगरी आइतबार नै राती ८ बजेर २० मिनेटको समयमा त्रिभुवन राजपथअन्तर्गत भीमफेदी गाउँपालिका-१, रातोमाटेमा आइचर ट्रक दुर्घटना भएको छ । प्रहरीले बा प्र ०३-००१ क ०१२४ नम्बरको गाडी सडकबाट करिब १५/२० फिट तल खोल्सामा खसेर दुर्घटना भएको जानकारी दिएको छ । ट्रकबाट नामथर, वतन नखुलेका अन्दाजी २७ वर्षको जस्तो देखिने पुरुष व्यक्तिको शव फेला परेको प्रहरीले जनाएको छ ।

# आँखा अस्पताललाई ६० थान म्याट्रेस सहयोग




समाज संवाददाता

हेटौँडाः रोटरी क्लब अफ हेटौँडाले हेटौँडा सामुदायिक आँखा अस्पताललाई ६० थान म्याट्रेस सहयोग गरेको छ । रोटरी इन्टरनेशनलको १२१ औं वार्षिकोत्सवको अवसरमा आइतबार अस्पताललाई म्याट्रेस हस्तान्तरण गरिएको रोटरी क्लब अफ हेटौँडाका अध्यक्ष प्रमेश प्रधानले जानकारी दिनुभयो ।

स्थानीय समुदायको स्वास्थ्य सेवालाई थप सहज बनाउने र क्लबले विगत ३० वर्षदेखि सञ्चालन गर्दै आएको निःशुल्क आँखा परीक्षण तथा मोतियाविन्दु अप्रेसन शिविरलाई सहयोग पुऱ्याउने उद्देश्यले म्याट्रेस प्रदान गरिएको अध्यक्ष प्रधानले बताउनुभयो । सहयोग ग्रहण गर्दै अस्पतालका प्रमुख डा. सुनिल थकालीले यसबाट बिरामीहरुको सेवामा थप सुधार आउने बताउनुभयो । अस्पतालमा दैनिक रुपमा आउने बिरामीहरुको सुविधालाई मध्यनजर गर्दै यस्ता सहयोग अत्यन्त उपयोगी हुनेको उहाँको भनाइ छ ।


## सूचना !! सूचना !! सूचना !!

Biometric Verification गर्ने सम्बन्धमा ।

प्रस्तुत विषयमा हेटौंडा उपमहानगरपालिकाको च.नं. ३६०३ को मिति २०८२/१०/२५ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता लिने लाभग्राहीहरुले नयाँ निवेदन दर्ता तथा नवीकरण गर्दा Biometric verification गरेकोमा विविध कारणले Biometric verification नभएका सम्पूर्ण लाभग्राहीहरुको Biometric verification फागुन १ गते देखि १५ गतेसम्म गर्नुपर्ने भएको र फागुन १५ गतेभित्र Biometric verification नभएका लाभग्राहीहरुको सामाजिक सुरक्षा भत्ता नआउने हुनाले यथाशिघ्र यस वडा कार्यालयमा सम्पर्क राखी Biometric verification गर्न गराउन हुनका साथै सो अवधिमा Biometric verification नगरेमा सामाजिक सुरक्षा भत्ता नपाईने हुँदा सो को जिम्मेवारी सोही लाभग्राही रहने व्यहोरा निर्देशनअनुसार जानकारीका लागि यसै सूचनाद्वारा सम्बन्धित सबैमा सूचित गराईन्छ ।

**९ नम्बर वडा कार्यालय**
**हेटौंडा उपमहानगरपालिका मकवानपुर**
**बागमती प्रदेश, नेपाल**


# दक्षिण अफ्रिकाको शानदार जित

काठमाडौं : आईसीसी टी-२० विश्वकप २०२६ को सुपर ८ अन्तर्गत आइतबारको दोस्रो खेलमा दक्षिण अफ्रिकाले भारतमाथि शानदार जित हासिल गरेको छ । अहमदाबादस्थित नरेन्द्र मोदी स्टेडियममा भएको खेलमा दक्षिण अफ्रिकाले भारतलाई ७६ रनले पराजित गरेको हो । योसँगै भारतको लामो समयको अपराजित यात्रा समेत तोडिएको छ ।

भारत सन् २०२४ को टी-२० विश्वकपमा पहिलो खेलदेखि आजसम्म टी-२० फर्म्याटमा भएका बहुराष्ट्र प्रतियोगितामा अपराजित रहेको थियो । सन् २०२२ को टी-२० विश्वकप सेमिफाइनलमा पछिल्लोपटक पराजित भएको भारत सन् २०२४ को संस्करणमा अपराजित रहेर विश्वकप च्याम्पियन बनेको थियो भने यस संस्करणमा पनि आजको खेलअघि सम्म अपराजित थियो । दक्षिण अफ्रिकाले उक्त अपराजित यात्रामा ब्रेक लगाउँदै यस विश्वकपमा आफ्नो अपराजित यात्रा कायमै राखेको हो । योसँगै गत संस्करणको फाइनलमा बेहोरेको हारको समेत बदला लिएको छ । दक्षिण अफ्रिकाले दिएको १८८ रनको बलियो लक्ष्य पछ्याएको भारतले १८.५ ओभरमा अलआउट हुँदै १११ रन मात्र बनाउन सक्यो ।


## सादर आमन्त्रण



जन्म : १९९८/१०/२४

स्वर्गारोहण : २०८२/१०/२९

**स्व. सिताराम रिमाल उपाध्याय**

मेरो पूजनीय पति श्री **सिताराम रिमाल उपाध्याय**को मिति २०८२/१०/२९ गतेका दिन स्वर्गारोहणपछि हामीप्रति समवेदना व्यक्त गर्नुहुने, अन्तिम संस्कारको क्रममा सागरमा पुग्नुहुने, कोरा अवधिमा भेट गरी दुखद् समयमा साथमै रहनुहुने सम्पूर्ण इष्टमित्र, छरछिमेकहरुमा **१३औं दिनको पूण्यतिथि**मा तपसील बमोजिम पितृप्रसाद ग्रहणका लागि सादर निमन्त्रणा गर्दछौं ।

**तपसील**
**मिति : २०८२/११/१२ गते मंगलबार**
**समय : दिनको २ बजेपछि**
**स्थान : हेटौँडा-५, पिप्लेचोक (आफ्नै निवास)**

**प्रार्थी**
**श्रीमति : जसोदा रिमाल**

**छोरा/बुहारी**
**अज्ञान रिमाल**
**विज्ञान रिमाल/अमृता रिमाल**



## संजीवनी बचत तथा ऋृण सहकारी संस्था लि.

हेटौंडा-५, पिप्ले, मकवानपुर

## भित्ते पात्रो (क्यालेण्डर) २०८३ छपाई सम्बन्धी बोलपत्र पेश गर्ने बारेको सूचना

*सूचना प्रकाशित मिति २०८२/११/१०*

यस संस्थाको वित्तीय तथा गैरवित्तीय गतिविधिका कार्यक्रमहरु समावेश गरी २०८३ सालको भित्ते पात्रो (क्यालेण्डर) तपशिल बमोजिम छपाई गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिन भित्र कार्यालय समयमा आइपुग्ने गरी नवीकरण गरिएको दर्ता प्रमाणपत्र, प्यान/भ्याट प्रमाणपत्र र पछिल्लो आ.व.को करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गरी भ्याट आयकर र डिजाइन खर्च समावेश गरेको दरभाउ सहितको बोलपत्र पेश गर्नुहुन सम्बन्धित सबैलाई सुचित गरिन्छ ।

**तपशिल**
कागज-१५० ग्राम
साईज-१२“x१८“
कलर ४
३ पन्ने ६ पेज
छपाई संख्या-२,००० प्रति

**पुनश्च**:
- भित्ते क्यालेन्डरको नमुना संस्थाले उपलब्ध गराउने छ ।
- छपाई सामग्री प्राप्त भएपछि छपाई गरी भित्ते पात्रो संस्थालाई उपलब्ध गराउने न्युनतम समय अनिवार्य तोक्नुपर्ने छ ।
- बोलपत्रमा भ्याट, आय कर खर्च समेत अनिवार्य गरिएको दरभाउ उल्लेख गर्नुपर्ने छ ।
- स्विकृत बोलपत्र पेश गर्ने सरोकारवालासँग सम्झौता गरी छपाई कार्य गरिने छ । सम्झौता बमोजिम समयमा छपाई नगरे वा तोकिएको गुणस्तर नभएमा सम्झौता रद्द गरी अर्को प्रक्रिया अगाडि बढाउने पूर्ण अधिकार यस संस्थामा निहित रहेको छ ।

**का. मु. व्यवस्थापक**
**प्रकाश बहादुर खनाल**


समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ